# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असोज ८ गते २०३६ साल [ संख्या २३

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

शिक्षा (पाँचौं संशोधन) नियमावली, २०३६

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "शिक्षा (पाँचौं संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यस नियमावलीको नियम ६, २०३५ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र बाँकी अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शिक्षा नियमावली, २०२८ को नियम २ मा खण्ड (घ) थप: शिक्षा नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ:–

"(घ) "परिवार" भन्नाले शिक्षकको आफैसंग बस्ने तथा आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी वा धर्मपुत्र सम्झनुपर्छ र आफैले पालन पोषण गर्नु पर्ने आफ्नै बाबु आमा वा सौतेनी आमालाई समेत जनाउँछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३९ मा संशोधन: मूल नियमावलीको नियम ३९ को उपनियम (३) मा रहेको "पटकमा ७ सात दिनमा नबढाई" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल नियमावलीको नियम ४६ मा संशोधन: मूल नियमावलीको नियम ४६ को सट्टा देहायको नियम ४६ राखिएको छ:—

"४६. अनिवार्य अवकाश: (१) विद्यालयका कुनै शिक्षकको उमेर ६५ वर्ष पूरा भएपछि निजलाई विद्यालयको नोकरीबाट अवकाश दिइनेछ ।

स्पष्टिकरण: यो नियमको प्रयोजनको निमित्त विद्यालयका शिक्षकको उमेर देहायबमोजिम हिसाब गरिनेछ:—

(क) नोकरीमा प्रवेश गरेको बेला निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर ।

(ख) त्यस्तो रिकर्ड नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा अभिलेखमा लेखिदिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर ।

(२) नियम ४८ क. बमोजिम निवृत्तभरण पाउने अवस्था पुगेका कुनै विद्यालयका शिक्षकलाई जिल्ला शिक्षा समितिको सिफारिशमा क्षेत्रीय शिक्षा निर्देशनालयले अनिवार्य अवकाश दिन सक्नेछ ।"

५. मूल नियमावलीमा नियम ४६ क. थप: मूल नियमावलीको नियम ४६ पछि देहायको नियम ४६ क. थपिएको छ:—

"४६ क. स्वेच्छिक अवकाश: २० वर्षसम्म नोकरी गरिसकेका विद्यालयका शिक्षकलाई निजको इच्छा भएमा नियुक्ति गर्ने अधिकारीले सेवाबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।"

६. मूल नियमावलीमा परिच्छेद १३ क. थप: मूल नियमावलीको परिच्छेद १३ पछि देहायको परिच्छेद १३ क. थपिएको छ:—

"परिच्छेद १३ क

निवृत्तभरण

४८ क. निवृत्तभरण: २० वर्ष वा सोभन्दा बढी अवधिसम्म विद्यालयको नोकरी गरेका शिक्षकले देहायको हिसाबले आजीवन मासिक निवृत्तभरण पाउनेछ:—

(क) माध्यमिक विद्यालय शिक्षकको हकमा:—

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महीनाको तलब}}{६०} = \text{हुन आउने रकम}$$

960

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) निम्न माध्यमिक तथा प्राथमिक बिद्यालयका शिक्षकको हकमा:—

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महीनाको तलब}}{५५} = \text{हुन आउने रकम}$$

तर—

(१) सरकारी शिक्षक पदबाट उपदान लिई जिल्ला शिक्षा सेवामा जाने शिक्षकको हकमा उमेरको हद लागी अवकाश पाएमा वा मृत्यु भएमा बाहेक सरकारी सेवाबाट राजीनामा गरी जिल्ला शिक्षा सेवामा प्रवेश गरेको मितिले १० वर्षसम्म विद्यालयमा अटूट सेवा नगरी यो परिच्छेदबमोजिमको निवृत्तभरण पाउनेछैन ।

(२) कुनै विद्यालयको शिक्षक पदमा अघि गरेको नोकरी बापत निवृत्तभरण पाइरहेको शिक्षकले निजको अघिल्लो सेवासमेत जोडिने गरी जिल्ला शिक्षा सेवामा प्रवेश गरेको भए सो सेवामा बहाल रहुन्जेल अघिल्लो नोकरी बापतको निवृत्तभरण पाइनेछैन। तर पछिल्लो सेवा गरे बापत पाइने निवृत्तभरणको रकम अघिल्लो सेवा गरे बापत पाएको निवृत्तभरणको रकमभन्दा बढी हुने भएमा निजले बढी रकम पाउने निवृत्तभरण रोज्न पाउनेछ ।

(३) विद्यालय वा पद नै नचाहिने भै खारेजीमा परेको वा शारीरिक अवस्थाको कारणले सेवा गर्न असमर्थ भएका शिक्षकको सेवाको जम्मा अवधिमा ५ वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो शिक्षकको जम्मा नोकरी अवधिमा निवृत्तभरण पाउने गरी ५ वर्षसम्म जिल्ला शिक्षा समितिले थप गर्न सकिनेछ ।

(४) विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी योग्यता, तीन पुस्ते, उमेर, नाम, थर, वतन, नागरिकता ढाँटेको प्रमाणित हुन आएमा यो परिच्छेदबमोजिम निवृत्तभरण दिइने छैन । तर कसूर प्रमाणित हुनु अगावै खाई-पाई सकेको रकम फिर्ता गर्नु पर्ने छैन ।

(५) यो नियमबमोजिम पाउने निवृत्तभरणको रकम मासिक रू. ६५०।– भन्दा बढी हुनेछैन ।

४८. ख. नोकरीको अवधिको गणना:— यस परिच्छेदको प्रयोजनका लागि नोकरी अवधि देहायबमोजिम गणना गरिनेछ—

(१) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडि देखिनै शिक्षण पेशामा रहेका शिक्षकहरूको हकमा योजना लागू हुनुभन्दा अगाडि ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ

८६१

प्राप्त विद्यालयमा स्थायी शिक्षकमा नियुक्ति भै अविछिन्न रूपमा पछि जिल्ला शिक्षा सेवामा प्रवेश गरेको भए राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडिदेखि गरेको स्थायी नोकरीको अवधिसमेत गणना गरिनेछ र निलम्बनमा रहेको अवधि समेतलाई गणना गरिनेछ ।

(२) सरकारी शिक्षकबाट राजीनामा गरी जिल्ला शिक्षा सेवामा अविछिन्न रूपमा प्रवेश गरेको शिक्षकका हकमा सरकारी शिक्षक पदमा स्थायी नियुक्ति पाएका मितिदेखि नै नोकरीको अवधि गणना गरिनेछ र निलम्बनमा रहेको अवधि समेतलाई गणना गरिनेछ ।

(३) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भै सकेपछि शिक्षण पेशामा प्रवेश गर्नेको हकमा जिल्ला शिक्षा आयोगको सिफारिशमा विद्यालयमा स्थायी नियुक्ति भई अविछिन्न नोकरी गरेको जम्मा अवधिको गणना गरिन्छ र निलम्बनमा रहेका अवधि समेतलाई गणना गरिनेछ ।

(४) खण्ड (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण बिदामा बसेको अवधिलाई नोकरी अवधिमा गणना गरिने छैन ।

४८. ग. निवृत्तभरण नपाउने अवस्थाः– देहायको अवस्थामा कुनै पनि शिक्षकले यस नियमावलीबमोजिम निवृत्तभरण पाउने छैनः–

(क) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षण पेशामा नियुक्ति हुने व्यक्तिको हकमा जिल्ला शिक्षा आयोगबाट सिफारिश नभै नियुक्ति भएमा,

(ख) करार सेवामा वा अस्थायी वा म्यादी पदमा नियुक्त भएमा,

(ग) भविष्यमा जिल्ला शिक्षा सेवाको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा वा पञ्चायती व्यवस्थाको विरूद्धको आचरण राखे बापत बर्खास्त गरिएमा,

(घ) गैर नेपाली नागरिक भएमा ।

तर राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडिदेखि नै स्वीकृति प्राप्त विद्यालयमा स्थायी शिक्षकको रूपमा काम गरी आएका विदेशी नागरिक शिक्षकको हकमा यो बन्देज लागू हुनेछैन ।

४८. घ. पारिवारिक निवृत्तभरणः– कुनै शिक्षक नोकरीमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा त्यस्ता मृत शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले र इच्छाइएका व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई नइच्छाएको भए निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस्तो निवृत्तभरण ७ वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन तथा निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दैमा मृत्यु भएको शिक्षकको परिवारलाई ७ वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन।

४८. ङ. असाधारण पारिवारिक निवृत्तभरणः– (१) कुनै शिक्षकको विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा स्त्रीलाई देहायबमोजिमको छुट्टै आजीवन पारिवारिक वृत्ति दिइनेछः–

| शिक्षक | पारिवारिक वृत्तिको मासिक दर |
| --- | --- |
| माध्यमिक शिक्षक– | रू. १५०।– |
| निम्न माध्यमिक शिक्षक– | रू. १००।– |
| प्राथमिक शिक्षक– | रू. ७५।– |

(२) मृत शिक्षकको विधवा स्त्रीलाई देहायबमोजिमको अवस्थामा मात्र मान्यता दिइनेछः–

(क) विद्यालयको कामको कारणबाट मृत्यु हुने घटना घट्नु अघि वैवाहिक सम्बन्ध भइसकेको हुनुपर्दछ।

(ख) शिक्षकको मृत्यु भएको समयमा निजसंग नछुट्टिएको हुनुपर्दछ।

(३) मृत स्त्री शिक्षकको विदुर पति वा सन्ततिको हकमा जिल्ला शिक्षा समितिको राय लिई श्री ५ को सरकार शिक्षा मन्त्रालयले उचित र न्याय संगत तरीकाबाट कारवाई गर्न सक्नेछ।

(४) यो नियमबमोजिम निवृत्तभरण पाउने मृत स्त्री शिक्षकको विदुरलाई देहायबमोजिमको अवस्थामा मात्र मान्यता दिई कारवाई गरिनेछः–

(क) विद्यालयको कामका कारणबाट मृत्यु हुने घटना घट्नु अघि स्त्री शिक्षकसंग वैवाहिक सम्बन्ध भइसकेको हुनु पर्दछ।

(ख) स्त्री शिक्षकको मृत्यु भएको समयमा निजसंग नछुट्टिएको हुनु पर्दछ।

४८. च. शैक्षिक भत्ता तथा सन्तति वृत्तिः– (१) कुनै शिक्षक विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैका कारणले निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो शिक्षकको प्रत्येक सन्ततिलाई १८ वर्षको उमेर नपुगुन्जेल देहायको दरले वार्षिक शैक्षिक भत्ता दिइनेछः–

(क) माध्यमिक शिक्षकको प्रत्येक सन्ततिलाई रू. ६००।–

(ख) निम्न माध्यमिक शिक्षक वा प्राथमिक विद्यालयका शिक्षकको सन्ततिलाई रू. ४००।–

(२) विद्यालयको कामको सिलसिलामा मृत्यु भएको शिक्षकको प्रत्येक सन्ततिलाई उप-नियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत त्यस्तो मृत

2603 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षकको प्रत्येक सन्ततिलाई देहायको दरले मासिक सन्तति वृत्ति समेत दिइनेछः–

| शिक्षक | आमा बाबु दुवै जीवित नहुने सन्तति | आमा बाबु मध्ये एक जीवीत हुने सन्तति |
|---|---|---|
| (क) माध्यमिक शिक्षक | रू. ७५।– | रू. ६५।– |
| (ख) निम्न माध्यमिक शिक्षक वा प्राथमिक शिक्षक | रू. ३५।– | रू. ३१।– |

(३) उपनियम (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले २१ वर्ष उमेर पूरा गरेका वा कुनै सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितितक पाउनेछ ।

तर २१ वर्षको उमेर पूरा नहुँदै विवाह गर्ने सन्ततिको हकमा बिबाह भएको मिति उप्रान्त त्यसको सन्तति वृत्ति दिइने छैन।

स्पष्टिकरणः– यस नियमको प्रयोजनको लागि सन्तति भन्नाले मृत शिक्षकको छोरा तथा छोरी सम्झनुपर्छ ।

४८. छ. समितिको व्यवस्थाः– (१) कुनै शिक्षकको विद्यालयको कामको सिलसिलामा मृत्यु भएमा निजको परिवार वा सन्ततिले पाउने वृत्ति सम्बन्धमा सिफारिश गर्न सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले देहायका सदस्यहरू भएको एक समिति गठन गर्नेछः–

(क) प्रमुख जिल्ला अधिकारी,
(ख) सम्बन्धित जिल्ला शिक्षा अधिकारी,
(ग) सम्बन्धित विद्यालयका प्रधान अध्यापक वा कुनै एक शिक्षक,
(घ) सम्बन्धित जिल्लाको स्वास्थ्य अधिकारी ।

(२) उपनियम (१) बमोजिम गठित समितिले कुनै शिक्षकको मृत्यु विद्यालयको कामको सिलसिलामा भएको हो वा होइन भन्ने बारे सिफारिश गर्नेछ ।

४८. ज. तलबको उल्लेखः– (१) यस परिच्छेदमा जहाँ जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित शिक्षकको निर्धारित स्केलबमोजिम पाउने तत्कालको तलब रकम (स्केल वृद्धिसमेत) लाई जनाउँछ ।

(२) नियम ४८. क को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित शिक्षकले अवकाश प्राप्त गर्ने बेलाको निर्धारित स्केलबमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४

पाउने तलबलाई जनाउँनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै शिक्षक असाधारण बिदा वा विशेष बिदामा बसेको वा निलम्बनमा रहेको भए त्यस्तो अवधिभरको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।

४८. झ. कोषको व्यवस्थाः– (१) यस परिच्छेदबमोजिमको निवृत्तभरण, शैक्षिक भत्ता र सन्तति वृत्ति प्रदान गर्न केन्द्रीय स्तरमा शिक्षक निवृत्तभरण कोष स्थापना गरिनेछ। उक्त कोषमा देहायबमोजिमको स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछः–

(क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,

(ख) शतप्रतिशत वा पचहत्तर प्रतिशत शिक्षकको तलब व्यहोर्ने विद्यालयबाट शिक्षकको तलब रकमको क्रमशः पांच प्रतिशत र अढाई प्रतिशत प्रतिमास रकम दाखिल गरिने रकम,

(ग) आफ्नै स्रोतमा सञ्चालन हुने आवासीय विद्यालय र श्री ५ को सरकारबाट अनुदान प्राप्त गरेपनि छुट्टै दरमा शुल्क उठाउन पाउने आवासीय विद्यालय-बाट आफ्नो शिक्षकको तलबको क्रमशः दश प्रतिशत र पांच प्रतिशत प्रतिमास दाखिल गरिने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) कोषको सञ्चालन श्री ५ को सरकार शिक्षा मन्त्रालयले गर्नेछ ।

४८. ञ. शिक्षकको अभिलेखसम्बन्धी कार्यविधिः– (१) निवृत्तभरणको लागि सम्बन्धित शिक्षकले अनुसूची– १ बमोजिमको ढाँचामा चार प्रति फाराम भरी आफू बहाल रहेको विद्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फाराम प्राप्त भएपछि विद्यालयको शिक्षक-को सम्बन्धमा प्रधान अध्यापक तथा प्रधान अध्यापकको सम्बन्धमा सहयोग समितिको अध्यक्षबाट प्रमाणित गराई एक प्रति विद्यालयमा राखी बाँकी तीन प्रति सम्बन्धित जिल्ला कार्यालय, शिक्षा शाखामा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको फाराम प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित गराई एक प्रति आफ्नो कार्यालयमा राखी बाँकी दुई प्रति सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको फाराम प्राप्त भएपछि क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखबाट प्रमाणित गराई एक प्रति आफ्नो निर्देशनालयमा राखी अर्को प्रति शिक्षा मन्त्रालयको निवृत्तभरणसम्बन्धी काम गर्ने शाखामा पठाउनु पर्नेछ ।

४८. ट. निवृत्तभरणसम्बन्धी कारवाईः– (१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकले अवकाश लिने मितिभन्दा ६ महीना अगावै अनुसूची– २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको ढाँचामा चार प्रति फाराम भरी आफू बहाल रहेको सम्बन्धित विद्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको फाराम भर्न नपाउँदै कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये इच्छाएको व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाएकोमा नियम ४८.घ बमोजिम निवृत्तभरण पाउने निजको परिवारको सदस्यले शिक्षकको मृत्यु भएको छ महीनाभित्र सम्बन्धित विद्यालयसमक्ष अनुसूची– २ बमोजिमको ढाँचामा चार प्रति फारामहरू भरी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवृत्तभरणको लागि फाराम भरी पठाउने व्यक्तिले कुन ठेगानामा निवृत्तभरण अधिकारपत्र वा पारिवारिक निवृत्तभरण अधिकारपत्र पठाइदिनु पर्ने हो सो कुरो खोली पठाउनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम फाराम प्राप्त भएपछि सम्बन्धित विद्यालयको शिक्षकको सम्बन्धमा प्रधान अध्यापक तथा प्रधान अध्यापकको सम्बन्धमा सहयोग समितिको अध्यक्षले जाँची प्रमाणितसमेत गरी एक प्रति विद्यालयमा राखी बाँकी तीन प्रति फारामहरू सम्बन्धित जिल्ला कार्यालय, शिक्षा शाखामा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम फारामहरू प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले आवश्यक जाँचबुझ गरी प्रमाणितसमेत गरी एक प्रति आफ्नो शाखामा राखी बाँकी दुई प्रति फारामहरू सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम फारामहरू प्राप्त भएपछि क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखले जाँची उपनियम (१) बमोजिमको फाराम भए अवकाश प्राप्त शिक्षकको नाममा निवृत्तभरण अधिकारपत्र र उपनियम (२) बमोजिम फाराम भए मृत शिक्षकको हकवालाको नाममा पारिवारिक निवृत्तभरण अधिकारपत्र अनुसूची ३ बमोजिमको ढाँचामा दिनु पर्नेछ र त्यसको सूचना शिक्षा मन्त्रालयको निवृत्तभरणसम्बन्धी काम गर्ने शाखामा पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम अधिकारपत्र प्राप्त गर्ने व्यक्तिले सो अधिकारपत्रमा उल्लेखित कार्यालयबाट प्रत्येक महीना नियमानुसार निवृत्तभरण रकम पाउनेछ ।

४८. ठ. <u>बरबुझारथ नगरेमा निवृत्तभरण नदिन सकिने</u>:– बरबुझारथ गर्नु पर्ने शिक्षकले बरबुझारथ नगरेमा निजले पाउने निवृत्तभरण रोक्का गर्न वा नदिन सकिनेछ ।

४८. ड. <u>केन्द्रीय व्यवस्था समितिको गठन</u>:– (१) यस परिच्छेदबमोजिम प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, असाधारण पारिवारिक निवृत्तभरण,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शैक्षिक भत्ता वा सन्ततिवृत्तिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न एक केन्द्रीय व्यवस्था समिति हुनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) सह-सचिव, शिक्षा मन्त्रालय– अध्यक्ष

(ख) निर्देशक, श्री ५ को सरकारको किताबखाना– सदस्य

(ग) शिक्षा मन्त्रालयको लेखा नियन्त्रक– सदस्य

(घ) उपसचिव, शिक्षा मन्त्रालय– सदस्य-सचिव ।

(३) केन्द्रीय व्यवस्था समितिको काम कर्तव्य देहायबमोजिम हुनेछः–

(क) सम्पूर्ण शिक्षकको नोकरी विवरण तयार गर्ने,

(ख) निवृत्तभरण कोषको सञ्चालन गर्ने,

(ग) निवृत्तभरण प्रदान गर्ने बारे क्षेत्रीय शिक्षा निर्देशनालयमा आवश्यक रकम उपलब्ध गराउने,

(घ) क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला कार्यालय, शिक्षा शाखालाई निवृत्त-भरण सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) निवृत्तभरणसम्बन्धी अन्य आवश्यक काम कारवाई गर्ने गराउने ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

फर्म नं...

(नियम ४८.ञ संग सम्बन्धित)

स्थायी शिक्षक विवरण फाराम

विद्यालयको नाम: ... ... ... ... ... ...

जिल्ला: ... ... ... ... ... ... ... ...

फोटो

१. शिक्षकको तीन पुस्ते नाम, थर, औंठाको सहिछाप:

| बाजेको नाम, थर र वतन | बाबुको नाम, थर र वतन | दायाँ बुढी औंलाको सहिछाप | सम्बन्धित शिक्षकको नाम, थर र वतन | नागरिकता | स्थायी ठेगाना | जन्म मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२. विशेष हुलिया: ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ...

३. इच्छाएको व्यक्तिको नाम, थर र वतन: ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ...

४. शैक्षिक योग्यता:

| उत्तीर्ण भएको परीक्षा | विद्यालय वा विश्व विद्यालयको नाम | सफल भएको साल | परीक्षाफल श्रेणीसहित | कैफियत |
|---|---|---|---|---|
| | | | | |

268

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. विशेष योग्यता वा तालीमः

| तालीमको विषय | संख्या | तालीम अवधि | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

६. नोकरी विवरण :

| विद्यालयको नाम र ठेगाना | भर्ना, सरुवा, बढुवा भएको साल, मिति | पद | स्थायी वा अस्थायी | तलब | भत्ता | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

७. उपर्युक्त विवरण साँचो हो झुठा ठहरे ऐन सवालबमोजिम सहुँला बुझाउँला।

सम्बन्धित शिक्षकको दस्तखत ....... मिति .. ..

८. उपरोक्त विवरण यस विद्यालयको अभिलेख अनुसार ठीक छ।

प्रधानाध्यापकको दस्तखत मितिः विद्यालयको पूरा नामः

ठेगाना :

मुद्रण विभाग, सिंहदरबार

269
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. उपर्युक्त विवरण यस कार्यालयको अभिलेख अनुसार ठीक छ भनी प्रमाणित गर्ने :—

जिल्ला शिक्षा अधिकारीको दस्तखत

जिल्ला कार्यालय शिक्षा शाखा
जिल्ला . . . . . . . . . .

मितिः

## क्षेत्रीय शिक्षा निर्देशनालयले प्रमाणित गर्ने

१०. उक्त विवरणबमोजिमको अभिलेख क्षेत्रीय शिक्षा निर्देशनालयमा राखी निजको दर्ता नं. . . . . . . . . . . . . . . . . कायम गरिएको छ।

क्षेत्रीय शिक्षा निर्देशकको दस्तखत

क्षेत्र . . . . . . . . . . . . . . . मिति :

११. माथि लेखिए अनुसार फर्म भरी अभिलेख जनिसके पछि भएको सरुवा बढुवा सम्बन्धमा निम्न स्थानमा जनाउने।

| विद्यालयको नाम र ठेगाना | सरुवा | पद | तलब | भत्ता | जम्मा | कैफियत (सरुवा बढुवा प. सं. मिति संकेत जनाउने) | लगत चढाउनेको दस्तखत र मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२८०



मुद्रण विभाग, सिंहदरबार

## अनुसूची – २

(नियम ४८ ट. संग सम्बन्धित)

### निवृत्तभरणको माग फाराम

श्री ... ... ... ... ... ...

२० वर्ष विद्यालयको नोकरी पूरा गरेकोले . . . . . . . . . . . वा सम्बन्धित व्यक्तिले शिक्षा नियमावली, २०२८ को नियम ४८ ट. अनुसार पाउने निवृत्तभरण अधिकारपत्रको लागि निवेदन गरेको छु ।

१. नाम, थरः–

२. स्थायी ठेगाना (जिल्ला गा. पं. समेत):–

३. उमेर (हालको):–

४. दर्जा:–

५. कार्यालय:–

(क) शुरू भर्ना हुँदाको कार्यालयको नाम, भर्नामिति र दर्जा:–

(ख) हालको कार्यालयको नाम:–

६. अवकाश प्राप्त मिति:–

७. शेषपछि इच्छाइएको व्यक्तिको:–

(क) नाम, थरः–

(ख) स्थायी ठेगाना (जिल्ला गा. पं. समेत):–

(ग) सम्बन्ध:–

८. बाबुको नाम:–

९. बाजेको नाम:–

रेखात्मक सहिछाप

| | |
|---|---|
| दा. | बा. |

लेखात्मक सहिछाप

. . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . .

मिति:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची –३

(नियम ४८ ट. (६) संग सम्बन्धित)

फोटो

सिलसिलेवार नम्बर . . . . . . . . . . .

.. .. .. ..अधिकारपत्र

१. नाम, थर:–

२. स्थायी ठेगाना (जिल्ला गा. पं. वडा नं समेत):–

३. उमेर:–

४. प्र. अ. । शिक्षक:– प्राथमिक शिक्षक [ ] निम्न माध्यमिक शिक्षक [ ]

माध्यमिक शिक्षक [ ] माध्यमिक प्र. अ. [ ]

५. विद्यालय:–

६. चिन्ह:–

७. अवकाश प्राप्त मिति:–

८. शेषपछि इच्छाइएको व्यक्तिको–

(क) नाम, थर:–

(ख) स्थायी ठेगाना (जिल्ला गा. पं. वडा नं. समेत):–

(ग) नाता सम्बन्ध:–

९. नोकरी वर्ष . . . . . . . . . . महीना .. .. .. दिन .. .. .. .. ..

१०. अन्तिम महीना १ को पाउने रू. .. .. .. .. .. .. .. .. .. ..

(अक्षेरेपी. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .)

११. पाउने व्यक्तिको सहिछाप

रेखात्मक

| दा. | बा. |
|---|---|

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. आवश्यक देखिएमा परिचय गराउने बहालवाला कर्मचारी वा प्र. अ.

(क) नाम, थरः–

(ख) दर्जाः–

(ग) कार्यालय । विद्यालयः–

१३. ............................ बापत प्रदान गरिएको

१४. पाउने अवधि .......................................

१५. लेखिए बाहेक आवश्यक देखिएको कुरा ................ अधिकारपत्र प्रदानगर्ने

जि. शि. अ.

जि. का. शि. शा....

............. भुक्तानी परिचयपत्र दिने अधिकारी

केन्द्रीय व्यवस्था समिति प्रमुख

शिक्षा मन्त्रालय

आज्ञाले–

तेजबहादुर प्रसाई

श्री ५ को सरकारको सचिव

२८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।